**MILLENNIUM CHALLENGE ACCOUNT NEPAL**

**DEVELOPMENT BOARD**

**(MCA-Nepal)**

# प्रेस विज्ञप्ति

## रातमाटे जग्गा अधिग्रहणको मुआब्जा वितरण कार्य ६० प्रतिशत सम्पन्न

नुवाकोट, २०७७ फागुन २० गते ।

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले कार्यान्वयन गर्न लागेको विद्युत् प्रसारण आयोजना अन्तर्गत रातमाटे सब-स्टेशन निर्माणको पूर्वतयारीका क्रममा गरिएको जग्गा अधिग्रहणको मुआब्जा वितरण कार्य ६० प्रतिशत सम्पन्न भएको छ ।

नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकाको वडा नं. ७ रातमाटेमा विद्युत् सब-स्टेशन बनाउन ३८५ रोपनी जग्गा चाहिएकोले स्थानीय ९४ घरपरिवारका १८४ कित्ता जग्गा अधिग्रहण गर्नुपरेको थियो ।

यही फागुन १३ गतेसम्ममा ९१ जना जग्गाधनी तथा प्रभावित व्यक्तिहरूलाई रु. ६६.५ करोड क्षतिपूर्ति उपलब्ध गराइसकिएको छ भने बाँकी मुआब्जा वितरण प्रक्रिया पनि तीव्रताका साथ अगाडि बढाइएको छ ।

जग्गा प्राप्ति ऐन अन्तर्गत प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित मुआब्जा निर्धारण समितिले अधिग्रहण गरिएको जग्गाको मुआब्जा निर्धारण गरेको थियो । स्थानीय सरोकारवाला र प्रभावित घरधुरीका प्रतिनिधिहरूलाई पनि यस प्रक्रियामा सहभागी गराइएको थियो ।

अधिग्रहणमा परेका सबै सम्पत्ति/संरचनाबापत् प्रतिस्थापन मूल्य सिद्धान्तका आधारमा प्रभावित घरपरिवारको विद्यमान जीवनस्तर नखस्कने गरी क्षतिपूर्ति उपलब्ध गराइएको हो । यसका अतिरिक्त एमसिए-नेपालले प्रभावित परिवारलाई अन्य उपयुक्त जीविकोपार्जन र पुनःस्थापनसम्बन्धी तालिम पनि उपलब्ध गराई पुनःस्थापनका लागि सहयोग उपलब्ध गराउनेछ ।

एमसिए-नेपालले निर्माण गर्न लागेका विद्युत् प्रसारण आयोजना राष्ट्रिय गौरवको योजना हो र यसले ३१५ किमि लामो दोहोरो सर्किटको चार सय केभीको प्रसारण लाइन तथा तीन वटा सब-स्टेशन निर्माण गर्नेछ । उक्त प्रसारण लाइन नेपालका १० जिल्लाका ३० नगरपालिका/गाउँपालिका भएर जानेछ ।

रातमाटेमा बन्ने सब-स्टेशन नेपालकै सबैभन्दा आधुनिक र ठुलो हुनेछ र यसको निर्माणका क्रममा नेपालले यस्तो सब-स्टेशन कसरी बनाउने भन्ने अनुभव हासिल गर्ने अवसर पनि प्राप्त हुनेछ ।

बिजुली वितरणका सन्दर्भमा नेपाललाई थप सशक्त बनाउनमा रातमाटे सब-स्टेशनले विशेष भूमिका निर्वाह गर्दै नुवाकोट जिल्लालाई नेपालकै एक महत्वपूर्ण विद्युतीय केन्द्रका रूपमा स्थापित गर्नमा यसले सहयोग गर्नेछ ।

यस विद्युत् प्रसारण आयोजनाले त्रिशुली, गण्डकी र तामाकोशीबाट निकालिने बिजुली बढी खपत हुने ठाउँसम्म पुर्‍याउनेछ र देश विकासमा योगदान गर्दै बिजुलीमा गरिएको लगानीलाई प्रतिफलमूलक बनाउनेछ । यो अर्थमा आयोजनालाई जग्गा उपलब्ध गराउने सबैले हाम्रो साझा भविष्य सुधार्न ठुलो योगदान गर्नुभएको छ । उहाँहरूप्रति नेपाल सरकार र एमसिए-नेपालको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

***थप जानकारीका लागि :***

*पुष्कर माथेमा, सञ्चार विज्ञ, एमसिए-नेपाल*
*फोन नं. : ९७७-०१-४२३८३५३/०१-४२३८३९२; मोबाइल नं. ९७७-९८५१०५१५६७*
*ई-मेल :* pushkar.mathema@mcanp.org